नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

(विद्यालय शिक्षा शाखा)

पत्र संख्याः- ०८३।८४

चलानी नं.:- १४४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८३/०६/०६

**विषयः- आवश्यक कारवाही व्यवस्थाका लागि निर्देशन सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय एकाइ
७७ वटै ।

प्रस्तुत विषयमा पछिल्ला केहीदिनमा बैतडी, बाग्लुङ, सिन्धुली, सिन्धुपाल्चोक, मुगु, रौतहट, सल्यान लगायतका जिल्ला अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू राजनैतिक दलको कार्यक्रममा सहभागी भइरहेको भन्ने सामाजिक सञ्जाल एवम् संचार माध्यमबाट समाचार आइरहेको देखियो । शिक्षकका उक्त गतिविधिहरू शिक्षा नियमावली, २०५९ को नियम १३३ को उपनियम (१) को खण्ड (ग) को कानुनी प्रावधान विपरीत हुनजाने सन्दर्भमा शिक्षकका त्यस्ता कार्यप्रति थप खोजबीन गर्ने, निगरानी गर्ने र स्थानीय तहसँगको समन्वयमा त्यस्तो आचार संहिता उलंघन गर्ने शिक्षकहरूलाई सोही नियमावलीको नियम १३७ को खण्ड (ग) तथा नियम १४३ बमोजिम आवश्यक कारवाहीको व्यवस्थाका लागि यस मन्त्रालयको मिति २०८३/०६/०६ गतेको निर्णयानुसार यो निर्देशन गरिएको छ।

२०८३/०६/०६

लिलानाथ पोखेल
उपसचिव

अवगतार्थः
माननीय मन्त्रीज्यू, शिक्षा तथा खेलकुद मन्त्रालय

बोधार्थ
श्री शिक्षा विभाग
सानोठिमी, भक्तपुर।

फोन नं.:
वेबसाइट : www.moest.gov.np